धवलागिरी गाउँपालिका, मुना म्याग्दी

को

# स्थानीय राजपत्र

खण्डः ४ नियमावली संख्याः १ मितिः २०७७/०३/११

भाग-२

## कृषि नियमावली २०७७

पूष्ठभूमी:

धवलागिरी गाउँपालिकाले कृषि जन्य खाद्य क्षेत्रलाई सम्बृद्धिको आधार मानेको छ । कृषिमा आधुनिकिकरण, व्यवसायिकिकरण, औधोगिकिकरण गरी धवलागिरी बासीको आय वृद्धि गर्न कृषि व्यवसाय संग सम्वन्धित रोजगारी सृजना गर्न, गराउनको लागि धवलागिरी गाउँपालिकाको भु-भागमा कृषि व्यवसाय प्रवर्द्धन गर्न वान्छनिय देखिएकोले,

धवलागिरी गाउँपाकिलाकाको कृषि ऐन, २०७६ को दफा ७ र ८ कार्यन्वयनका लागी दफा ३६ बमोजिम कार्यपालिकाको मिति २०७७।३।८ गतेको बैठकले कृषि नियमावली २०७७ जारी गरिएको छ ।

परिच्छेद - १

१. संक्षिप्त नाम, प्रारम्भ र परिभाषा:-

(१) यो नियमहरुको नाम:- "कृषि नियमावली, २०७७" रहेको छ ।

(२) यो नियमावली तुरुनत प्ररम्भ हुनेछ ।

२. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो नियमावलीमा:-

(क) "ऐन" भन्नाले धवलागिरी गाउँपालिकाको कृषि ऐन, २०७६ लाई सम्फनु पर्दछ ।

(ख) "गाउँपालिका" भन्नाले धवलागिरी गाउँपालिकालाई सम्फनु पर्दछ ।

(ग) "कार्यपालिका" भन्नाले धवलागिरी गाउँ कार्यपालिकालाई सम्फनु पर्दछ ।

(घ) "अध्यक्ष" भन्नाले धवलागिरी गाउँपालिकाको अध्यक्षलाई सम्फनु पर्दछ ।

(ङ) "उपाध्यक्ष" भन्नाले धवलागिरी गाउँपालिकाको उपाध्यक्षलाई सम्फनु पर्दछ ।

(च) "आर्थिक विकास समिति" भन्नाले कृषि क्षेत्र समेत हेर्ने गरी कार्यपालिकाले निर्माण गरेको "आर्थिक विकास समिति" लाई सम्फनु पर्दछ ।

(छ) "संयोजक" भन्नाले आर्थिक विकास समिति र सम्वन्धित विभिन्न उपसमितिहरुको संयोजक समेतलाई सम्फनु पर्दछ ।

(ज) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले धवलागिरी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्फनु पर्दछ ।

(झ) "सदस्य सचिव" भन्नाले आर्थिक विकास शाखा हेर्ने गरि तोकिएको अधिकृत कर्मचारीलाई सम्फनु पर्दछ ।

(ञ) "वडा समिति" भन्नाले धवलागिरी गाउँ पालिकाको ७ वटै वडाका वडा समितिहरुलाई सम्फनु पर्नेछ ।

(ट) "अनुगमन समिति" भन्नाले कृषि जन्य खाद्य उत्पादन दृढि गर्न गठन नर्माण गरेको अनुगमन समितिलाई सम्फनु पर्दछ ।

(ठ) "लिज" भन्नाले जग्गाको भाडा तोकि मासिक वा बार्षिक रुपमा भाडा बुझ्ने गरि कुनै निश्चित अवधिका लागि कुनै अर्को ब्याक्ति वा समूह वा सस्था वा फर्म (कम्पनी) हरुलाई जग्गा उपभोग गर्न दिने कार्यलाई सम्फनु पर्दछ ।

(ड) "लिज प्राप्तकर्ता" भन्नाले जग्गा लिजमा प्राप्त गरी व्यवसायीक रुपमा कृष तत्पादन गर्न चाहने कृषक वा कृषि समूहलाइ सम्फनु पर्दछ ।

(ढ) "कृषक" भन्नाले धवलागिरी गाउँपालिका क्षेत्र भित्र कृषि ऐन २०७६ को दफा २ को खण्ड (छ) को व्यवस्थानुसार सोही ऐनको अनुसूची १ मा उल्लेख गरिएको कृषि उत्पादन गर्ने कृषकहरुलाई सम्फनु पर्दछ ।

(ण) "कृषक समूह" भन्नाले धवलागिरी गाउँपालिका क्षेत्र भित्र कृषि ऐन २०७६ को दफा २ को खण्ड (छ) को व्यवस्थानुसार सोही ऐनको अनुसूची १ मा

उल्लेख गरिएको व्यवसायीक कृषि उत्पादन गर्ने प्राईभेट वा साझेदारी कम्पनीहरु, सहकारी संस्था र कृषि समूहलाई सम्झनु पर्दछ ।

(ट) "कृषि जन्य खाद्य वस्तु" भन्नाले धवलागिरी गाउँपालिका क्षेत्र भित्र उत्पादन हुने स्थानिय प्रजातिका कोडो, मकै, जहुँ, गहुँ, धान, फापर, आलु, सिमी लगायतका दैनिक उपभोग्य खाद्ये (वस्तु) बालीहरुलाई सम्झनु पर्दछ ।

परिच्छेद - २

**३. कृषि उत्पादन तथा खाध्य भण्डारण सम्वन्धि व्यवस्थाः-**

**(क) कृषि उत्पादन तथा खाध्य भण्डारणको उद्देश्यः-** धवलागिरी वासीहरुलाई स्थानिय उत्पादनमा आत्मर्निभर गर्न, गराउन गाउँपालिका भित्र स्वस्थ एवं अर्गानिकरण कृषि जन्य खाद्य उत्पादन गर्ने । बाहिय क्षेत्रवाट आयात विना धवलागिरी बाँसीको गरिबी निवारणको लागी कृषि जन्य खाद्य बस्तुहरु उत्पादन र भण्डारणको व्यवस्थापनगर्ने ।कृषि जन्य खाद्ये बस्तुको व्यवस्थित भण्डारण गरी राज्यको व्यापार घाटालाई समेत टेवा पुऱ्याउने गरीनिर्यात गर्न, गराउन प्रर्बद्धन गर्ने ।

**(ख) कृषि उत्पादन तथा खाध्य भण्डारण सञ्चालन विधिः-**

(१) कृषक वा कृषि समूहहरुले सम्वन्धित वडा कार्यालयमा दैनिक उपभोग्यकृषि जन्य खाद्य वस्तु उत्पादनको लागि परयोजना सहित निवेदन दिनु पर्ने छ । र कृषि समूहले सम्वन्धित निकाएमा दर्ता गरेको दर्ता प्रमाण पत्र र कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी निवेदनमा संलग्न गर्नु पर्नेछ ।

(२) सम्वन्धित वडा कार्यालयले वडाको सिफारिस सहित आर्थिक विकास समितिको सचिवालयमा पेश गर्नु गरिनेछ ।

(३) आर्थिक विकास समितिले कार्यालयको आन्तरिक प्रकृया पूरा गरी सूचना प्रकाशन गरेको मितिले ३५ दिन भित्र निवेदन माग गरी प्राप्त निवेदन दर्ता गरेको १५ दिन भित्र सम्वन्धित कृषक वा कृषि समूहलाई कार्यक्रम स्वीकृत भएको वा नभएको जानकारी सम्वनिधत पक्षलाई उपलब्ध गरिनेछ ।

(४) कार्यक्रम स्वीकृत गरेपछि सम्वन्धित कृषक वा कृषि समूहले निम्न बमोजिमको कार्य गर्नु पर्ने छ ।

(क) कृषक वा कृषि समूहले कम्तिमा १ रोपनी क्षेत्रफल भएको कृषि योग्य जग्गा तथा सार्वजनिक जमिनमा व्यवसायिक परियोजना निर्माण गर्नु पर्दछ ।

(ख) व्यवसायीक कृषि सम्रक्षणको लागी तोकिएको क्षेत्रमा घेराबार भएको वा घेरावार निर्माणको चरणमा हुनु पर्दछ ।

(ग) व्यवसायीक कृषिमा नियमित सिचाई गर्ने पानीको व्यवस्था हुनु पर्दछ ।

(घ) व्यवसायीक कृषिमा कृषक वा कृषि समूहको नाम, ठेगाना, टेलिफोन नम्बर आदि खुलेको सानो सूचना बोर्ड हुनु पर्दछ ।

(ङ) खेतीमा विविधिकरण गर्नु पर्दछ ।

(च) अनुगमनका लागि खटिएको टोलीलाई सहयोग गर्नु पर्दछ ।

(छ) व्यवसायीक कृषि सञ्चालनमा प्राविधिकले दिएको आवश्यक सल्लाह सुझाव पालना गर्नु पर्दछ ।

(५) कृषक वा कृषि समूह नीति तथा कार्यक्रम र वजेटको परिधिभित्र रहेर सम्वन्धित खेतीको लागी सबै भन्दा उपयुक्त जग्गा, जमिन, वातावरण र आवेदकको अनुभवको समेत आधारहरुमा छनौट गरिएको कृषक वा कृषि समूहले मात्र अनुदान प्राप्त गर्ने छ ।

(६) कृषक तथा कृषि समूहले उत्पादन गरेका कृषि जन्य खाद्य बस्तुहरुको भण्डारण(खाद्य बैंक) तथा बिक्री वितरणको व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४. **प्राङ्गारिक मलखाद्य उत्पादनका लागि पशु (चौपाय) पालन सम्वन्धि व्यवस्था:-**

(क) **प्राङ्गारिक मलखाद्य उत्पादनका लागि पशु (चौपाय) पालन उद्देश्य:-** धवलागिरी बासीको आय वृद्धि, रोजगारी सृजना, कृषि जन्य खाद्य वस्तुहरुको उत्पादनमा बृद्धी गर्नका लागी प्राङ्गरिक मल खाद्य व्यवस्थापन र भण्डारण गर्नु आवश्यक्ता भएकोले ।

(ख) **प्राङ्गारिक मलखाद्य उत्पादनका लागि पशु (चौपाय) पालन सञ्चालन विधि:-**

(१) कृषक वा कृषि समूहहरुले सम्बन्धित वडा कार्यालयमा पशु चौपाय पालनका लागि पपरयोजना सहित निवेदन दिनु पर्नेछ ।

(२) कृषि समूहहरुले दर्ता प्रमाण पत्र र कर चुक्ता प्रमाण पत्र निवेदनमा संलग्न गर्नु पर्नेछ ।

(३) सम्वन्धित वडा कार्यालयले कार्यालयको सिफारिसका साथै निवेदनहरु आर्थिक विकास समितिको सचिवालयमा पेश गर्नु पर्नेछ ।

(४) आर्थिक विकास समितिको सचिवालयले कार्यालयको आन्तरीक प्रकृया पूरा गरी वडा कार्यालयबाट प्राप्त निवेदन दर्ता भएको मितिले ३५ दिन भित्र सम्बन्धित पक्षलाई तोकिएको शर्तहरु सहित कार्यक्रम स्वीकृती भए वा नभएको लिखत जानकारी दिनु पर्दछ ।

(५) स्वीकृती पत्र दिन नसकेमा सोको कारण खुलाई सम्बन्धित पक्षलाई ७ दिन भित्र लिखित जानकारी दिनु पर्दछ ।

## ५. सतुवा खेती विकास सम्बन्धि व्यवस्था:-

(क) **सतुवा खेती विकासको उद्देश्य:-** धवलागिरी गाउँपालिकाको समुन्द्री सतह देखी १६०० देखी ३००० मिटर उचाईमा रहेको भु-भागहरुमा सतुवा खेती प्रशस्त हुने देखिन्छ । विष मार्न, पेटको गानो गोला, घाउ खतिरा, शक्तिवर्द्धक टनिक आदीलाई औषधी उत्पादन कार्यमा प्रयोग गर्न सतुवालाई धवलागिरी गाउँपालिकाले नगदे बालीको रुपमा विकास गरी धवलागिरी वासीको आम्दानी वढाउने, रोजगारी सिर्जना गर्ने सँगै पर्यटन विकास समेत गर्दै सतुवा उत्पादन क्षेत्रको रुपमा धवलागिरी गाउँपालिकालाई राष्ट्रिय पहिचान समेत दिने ।

(ख) **सतुवा खेती विकास संचालन विधि:-**

(१) कम्तिमा १००० वटा सटुवाको बोट लगाउन चाहाने गाउँपालिका क्षेत्र भित्रका कृषक वा कृषि समरुहले सम्बन्धित वडा कार्यालयमा सटुवा खेतीको लागि निवेदन दिनु पर्दछ ।

(२) सम्बन्धित वडा कार्यालयले निवेदन संकलन गरी वडा कार्यालयको सिफारिस सहित सक्कलै निवेदन आर्थिक विकास समितिको सचिवालयमा पेश गर्नु पर्दछ ।

(३) आर्थिक विकास समितिको सचिवालयले वडा कार्यालयबाट प्राप्त निवेदन दर्ता भएको मितिले ३५ दिन भित्र सम्बन्धित कृषक वा कृषि समूहलाई सटुवा खेती गर्न स्वीकृती पत्र दिनु पर्नेछ ।

(४) स्वीकृती पत्र प्राप्त गरे पछि सम्बन्धित कृषक वा कृषि समूहले निम्न बमोजिमको कार्य गर्नु पर्दछ ।

(क) तोकिएको मापदण्डमा रही समयमै खाडल खनि सक्नु पर्दछ ।

(ख) विरुवा लगाउनु भन्दा अगाडी प्रारम्भिक उपचार विधि पूरा गर्नु पर्दछ ।

(ग) सम्भव भएसम्म मान्यता प्राप्त कृषि अनुसन्धान केन्द्रमा उत्पादन भएका विरुवा मात्र लगाउनु पर्दछ ।

(घ) अनुगमनका लागि खटिएको टोलिलाई सहयोग गर्नु पर्दछ ।

(ङ) प्राविधिकले दिएको सल्लाह तथा निर्देशनलाई पालना गर्नु पर्दछ ।

## ६. टिमुर खेती विकास सम्वन्धि व्यवस्था:-

(क) **टिमुर खेती विकासको उद्देश्य:-** समुन्द्री सतह देखी १००० देखी २५०० मिटर उचाईमा रहेको भु-भागहरुमा टिमुर खेती प्रशस्त हुने देखिन्छ । औलो ज्वरो, चिसो, कान दुखेको वा पाकेको, खाना अपच, चर्मरोग पेटको किरा मार्न लगायतका औषधी जन्य खाद्य वस्तु टिमुर खेती प्रबर्द्धन गर्ने ।

(ख) **टिमुर खेती विकास संचालन विधिः-**

(१) कम्तिमा १०० वटा तिमुर बोट लगाउन चाहाने गाउँपालिका क्षेत्र भित्रका कृषक वा कृषि समरुहले सम्बन्धित वडा कार्यालयमा टिमुर खेतीको लागि निवेदन दिनु पर्दछ ।

(२) सम्बन्धित वडा कार्यालयले निवेदन संकलन गरी वडा कार्यालयको सिफारिस सहित सक्कलै निवेदन आर्थिक विकास समितिको सचिवालयमा पेश गर्नु पर्दछ ।

(३) आर्थिक विकास समितिको सचिवालयले वडा कार्यालयबाट प्राप्त निवेदन दर्ता भएको मितिले ३५ दिन भित्र सम्बन्धित कृषक वा कृषि समूहलाई टिमुर खेती गर्न स्वीकृती पत्र दिनु पर्नेछ ।

(४) स्वीकृती पत्र प्राप्त गरे पछि सम्बन्धित कृषक वा कृषि समूहले निम्न बमोजिमको कार्य गर्नु पर्दछ ।

(क) तोकिएको मापदण्डमा रही समयमै जग्गा व्यवस्थापन गर्नु पर्दछ ।

(ख) विरुवा लगाउनु भन्दा अगाडी प्रारम्भिक उपचार विधि पूरा गर्नु पर्दछ ।

(ग) सम्भव भएसम्म मान्यता प्राप्त कृषि अनुसन्धान केन्द्रमा उत्पादन भएका विरुवा मात्र लगाउनु पर्दछ ।

(घ) अनुगमनका लागि खटिएको टोलिलाई सहयोग गर्नु पर्दछ ।

(ङ) प्राविधिकले दिएको सल्लाह तथा निर्देशनलाई पालना गर्नु पर्दछ ।

७. **फलफूल बगैंचा निर्माण सम्बन्धि व्यवस्थाः-**

(क) **फलफूल बगैंचा निर्माणको उदेश्यः-** केरा, अङ्गुर, अमिलो, कागती, लिची, आँप, सुन्तला, स्याउ लगायत विभिन्न जात, परिजातका फलफूल उत्पादन गर्ने, गराउनेमा स्थानिय कृषक वा कृषि समूहलाई प्रोत्शाहन एवं प्रवर्द्धन गरी धवलागिरी बासीको आय बृद्धि गर्ने र नमूना फर्म स्थापना गरी कृषि पर्यटन बृद्धी गर्न सहयोग पुऱ्याउने ।

(ख) **फलफूल बगैंचा निर्माण संचालन विधिः-**

(१) एउटै जातको कम्तिमा ३ रोपनीमा फलफूल बगैंचा निर्माण गर्न चाहाने कृषक वा कृषि समूहले वडा कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) सम्बन्धित वडा कार्यालयले वडा कार्यालयको सिफारिस सहितको निवेदन आर्थिक विकास समितिको सचिवालयमा पेश गर्नु पर्नेछ ।

(३) आर्थिक विकास समितिको सचिवालयले सचिवालयको आन्तरिक प्रकृया पूरा गरी वडा कार्यालयबाट प्राप्त निवेदन दर्ता भएको मितिले ३५ दिन भित्र सम्बन्धित कृषक वा कृर्षि समूहलाई फलफूल

बगैंचा निर्माणका परियोजना स्वीकृत भए वा नभएको लिखत जानकारी दिनु पर्नेछ ।

(४) स्वीकृत पत्र प्राप्त गरी सकेपछि सम्बन्धित कृषक वा कृषि समूहले निम्न बमोजिमको कार्य गर्नु पर्दछ ।

(क) फलफूलव बगैंचा एउटै जातको हुनु पर्दछ ।

(ख) कम्तिमा ३ रोपनीमा बगैंचा निर्माण भएको हुनु पर्दछ ।

(ग) फलफूल बगैंचालाई जुनसुकै बखत सिचाई गर्ने गरी पानीको व्यवस्था गर्नुपर्दछ ।

(घ) विरुवा लगाउनु अगाडी प्रारम्भिक उपचार विधि पूरा गर्नु पर्दछ ।

(ङ) तोकिएको मापदण्डमा रही समयमै खाडल खनी सक्नु पर्दछ ।

(च) श्रोत केन्द्र वा अनुसन्धान केन्द्र वा गाउँपालिकाले तोकेको उत्पादन केन्द्रमा वा सिफारिस गरिएको फर्मवाट उत्पादन भएका विरुवाहरु लगाउनु पर्दछ ।

(छ) अनुगमनका लागि खटिएका टोलिलाई सहयोग गर्नु पर्दछ ।

(ज) प्राविधिकले दिएको परामर्श र निर्देशनलाई पालना गर्नु पर्दछ ।

**८. कृषि उपकरण, मेसिन, औजार आदि अनुदान सम्वन्धि व्यवस्थाः-**

**(क) कृषि उपकरण, मेसिन, औजार आदि अनुदानको उद्देश्यः-** कम परिश्रम र समयमै आधुनिक तरिकाले कृषि गरी वढी उत्पादन लिन, कृषिमा आधारीत उद्योग व्यवसाय सञ्चालन गर्न, व्यवसायिकिकरण गरी रोजगारी सिर्जना तथा आम्दानी बढाउने ।

**(ख) कृषि उपकरण, मेसिन, औजार आदि अनुदान संचालन विधिः-**

(१) गाउँपालिका भित्रका कृषक वा कृषि समूहहरुलाई सबै किसिमका कृषि औजार, जग्गा विकास (घेरा बार र जग्गा एकिकरण), सामाग्री, मेसिन, प्रशोधन केन्द्र, दुग्ध चिस्यान केन्द्र, कृषि उद्योगमा प्रयोग हुने सामाग्री आदि कृषि जन्य विविध उपकरणहरुमा कार्यपालिकाको निर्णयनुसार २५ देखि ९० प्रतिशत सम्म अनुदान छुट दिन सकिनेछ ।

(२) कृषक वा कृषि समूहको निवेदन वडा कार्यालयको सिफारिस संग आर्थिक विकास समितिको सचिवालयमा दर्ता गरिने छ ।

(३) प्राथमिकिकरण गर्दाः कृषक समूह र कृषकलाई क्रमशः प्राथमिकता दिईने छ ।

(४) माथि नियम ७ (क) को उद्देश्य कार्यन्वयनमा गर्न जग्गा विकास तथा मेसिनरी औजार सामाग्रीहरुमा दिईने अनुदान आर्थिक विकास समितिको सिफारिसमा कार्यपालिकाको निर्णयनुसार हुने छ ।

(५) जग्गा विकास, मेसिनरी उपकरण खरिदको लागी गाउँपालिकाले उपलब्ध गरिने अनुदान बाहेकको रकम सम्बन्धित कृषक वा कृषि समूहबाट धवलागिरी गाउँपालिकाको कृषि व्यवसाय प्रवद्धन कोषमा तोकिएको रकम दाखिला गरेपछी स्वीकृत कार्यक्रम संचालन गर्ने प्रारम्भ गरिनेछ ।

(६) खरिद वा बितरण प्रकृया सार्वजनिक खरिद नियमावलीमा तोकिए बमोजिम हुने छ ।

९. **जग्गा लिजमा लिने वा दिने सम्वन्धि व्यवस्था:-**

(क) **जग्गा लिजमा लिने वा दिनको उद्देश्य:-** धवालगिरी गाउँपालिकाको कृषि ऐन २०७६ को दफा १४ को उपदफा ३ कार्यन्वयनको लागि धवलागिरी गाउँपालिका भित्रको खेती योग्य जग्गा लिजमा दिन चाहनेको जग्गा लिजमा लिने वा खेती योग्य जग्गा लिजमा लिन चाहनेलाई लिजमा दिने । धवलागिरी गाउँपालिका भित्रको ब्यात्तिगत बाँझो जग्गाहरु अधिकतम उपयोग गरी कृषि उपज खाद्य वस्तु उत्पादनमा बृद्धी गर्ने, गराउने । उच्च पहाडी भु-भागमा उपल्वध हुने बहुमूल्य जडीबुटी तथा गैह्र काष्ठ वनपैडावरहरुको उत्पादन क्षमता बृद्धि गर्ने, गराउने । कृषि उपजको खाद्य उत्पादन बृद्धि गर्न प्राङ्गरिक मलखाद्य व्यवस्थापन गर्ने, गराउने प्रयोजनको लागी नीजि वा ऐलानी (सार्वजनिक) जग्गाहरुको चक्लाबन्दी, गर्ने, गराउने ।

(ख) **जग्गा लिजमा लिने वा दिन कार्यक्रम संचालन विधि:-**

(१) कुनै जग्गा धनिले आफ्नो हकाधिकार र स्वामित्वको जग्गा लिजमा लगाउने प्रयोजनको लागि धवलागिरी गाउँपालिकालाई जग्गा हस्तान्तरण गर्न सक्ने छ ।

(२) उपदफा (१) बमोजिम गाउँपालिकालाई जग्गा हस्तान्तरणका लागि जग्गा धनिको जग्गा धनि प्रमाण पूर्जा, तिरो तिरेको रसीद र नेपाली नागरिकताको प्रतिलिपि सहित आर्थिक विकास समितिको सचिवालयमा निवेदन दिनु पर्ने छ ।

(३) उपदफा (२) बमोजिम जग्गा हस्तान्तरण गर्दा जग्गा धनि र गाउँपालिका बीच संझौता गनु पर्ने छ ।

(४) उपदफा (३) बमोजिमको संझौतामा लिज अवधि र बार्षिक वा मासिक लिज रकम उल्लेख गर्नु पर्नेछ ।

(५) धवलागिरी गाउँपालिका, आर्थिक विकास समितिले लिजका लागि प्राप्त भएको जग्गाको जग्गा धनि प्रमाण पुर्जा प्रतिलिपी, कित्ता

नं., जग्गाको क्षेत्रफल, नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी र प्रस्तावित लिज रकम सहितको विवरण सूचना मार्फत सार्वजनिक गनुपर्ने छ ।

**(ग) जग्गा लिजमा लिने सम्बन्धि व्यवस्था:-**

(१) धवलागिरी गाउँपालिका क्षेत्र भित्रको खेती योग्य जग्गाहरुलाई कुनै पनि कृषि समूह वा कृषकले जग्गा लिजमा लिई प्रयोग गर्न, कृषि वा जडीवुटी तथा गैह्र काष्ठ वन पैडावर ब्यवसायी रुपमा उत्पादन गर्न चाहेमा आवस्यक कागजात सहित गाउँपालिकामा निवेदन दिनु पर्ने छ ।

(२) उपदफा (१) बमोजिमको निवेदनमा जग्गा लिजमा लिनुको प्रयोजन खुलाउनु पर्ने छ । निवेदनका साथमा कृषि समूहले दर्ता प्रमाण पत्र र कर चुक्ता प्रमाण पत्र पेश गर्नु पर्ने छ ।

(३) उपदफा (१) बमोजिमको निवेदनमा लिजमा लिन चाहेको जग्गाको जग्गा धनि प्रमाण पुर्जाको प्रतिलिपी, कित्ता नं., जग्गाको क्षेत्रफल, प्रस्तावित लिज रकम सहितको विवरण प्राथमिकताका आधारहरु उल्लेख गर्नु पर्ने छ ।

(४) यस नियम बमोजिम गठित लिज ब्यवस्थापन समितिको निर्णयनुसार निवेदकलाई निर्णय भएको १५ दिन भित्र संझौताका लागि सूचना प्रकासित गरिने छ । म्याद भित्र संझौता गर्न नआएमा बैकल्पिक निवेदकलाई विशेष कारण वाहेक ७ दिनको म्याद दिई संझौताका लागि सूचना दिइने छ ।

(५) तोकिएको समयभित्र उपस्थित हुने निवेदकले गाउँपालिका संग संझौता गरि जग्गा लिजमा लिन सक्नेछ ।

(६) कुनै पनि कृषि समूह वा कृषकले कृषि र जडीवुटी तथा गैह्रकाष्ठ वन पैडावर उत्पादन गर्न र कृषि र जडीवुटी तथा गैह्र काष्ठ वन पैडावर जन्य उत्पादन बृद्धिका लागी प्राङ्गरिक मलखाद्य व्यवस्थापनको लागि पशु चौपाय पालन गर्न ऐलानी (सार्वजनिक) जग्गा उपयोग गर्न सक्नेछ ।

(७) र जग्गा बाँजो राख्ने र लिजमा दिन पनि तयार नहुने जग्गा दाताहरुलाई आर्थिक ऐनले तोकिएनुसार थप राजश्व असुली गरिनेछ ।

**(घ) लिज ब्यवस्थापन समिति व्यवस्था:-**

(१) धवलागिरी गाउँपालिकाको संयोजनमा लिजमा जग्गा लिने दिने कार्यलाई ब्यवस्थित गर्न गाउँपालिकामा एक लिज ब्यवस्थापन समिति रहने छ ।

(२) समितिमा देहायका पदाधिकारी रहने छन ।

| | |
|---|---|
| (१) गाउँपालिका अध्यक्ष वा आर्थिक विकास समितिको संयोजक | अध्यक्ष |
| (२) कार्यपालिकाले तोकेको १ जना महिला सहित ३ जना | सदस्य |
| (३) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत | सदस्य |
| (४) कार्यालयले तोकेको सिभिल इन्जिनियर | सदस्य |
| (५) आर्थिक विकास समितिको शाखा प्रमुख | सदस्य सचिव |

(३) व्यवस्थापन समितिले आफ्नो आवश्यक कार्यविधि आफै तय गर्न सक्नेछ ।

(४) समितिले बिज्ञको परामर्श लिन सक्ने छ ।

(५) समितिलाई गाउँपालिकाले तोकेको बैठक भत्ताउपलब्ध गरिने छ ।

(६) व्यवस्थापन समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुने छ ।

(क) लिजमा जग्गा लिने र दिने ब्यक्तिको निवेदन संकलन गर्ने,

(ख) प्राप्त निवेदन उपर छानविन गरि लिजमा जग्गा दिन चाहनेको बिबरण सहित सूचना प्रकाशित गर्ने,

(ग) मालपोत कार्यालयले रजिष्ट्रेसन प्रयोजनका लागि तोकेको रकमलाई आधारमानि लिज रकम तोक्न कार्यपालिकालाई सिफारिस गर्ने,

(घ) लिज प्राप्त गर्न योग्य निवेदकको नामावली प्रकासन गरि संभौता प्रकृया अगाडि बढाउन सम्वन्ति कार्यालय, कृषि समूह र कृषकहरुलाई पत्राचार गर्ने,

(ङ) लिजमा लिएको जग्गा प्रयोगमा आए वा नआएको अनुगमन गर्ने,

(च) र लिजमा लिएको जग्गा प्रयोगमा नआएको देखिएमा लिज रद्ध गर्ने तर्फ कारवाही अगाडि बढाउने ।

**(ङ) लिजको प्रकार र अवधिः-** लिजको प्रकार र अवधि देहाय अनुसार हुनेछ ।

| | | |
|---|---|---|
| (१) | **अल्पकालीन** | पाँच वर्ष सम्म |
| (२) | **मध्यकालिन** | पाँच वर्ष देखि दश वर्ष सम्म |
| (३) | **दीर्घकालीन** | दश वर्ष देखि तीस वर्ष सम्म |

**(च) निवेदन दस्तुरः-** लिजमा लिनका लागि निवेदन दस्तुर रु ५००।- लाग्ने छ ।

(छ) **लिज सम्झौता:-** लिज प्राप्तकर्ता लाई जग्गा लिजमा उपलव्ध गराउदा गाउँपालिकाले आवस्यक शर्तहरु तोकी लिजको सम्झौता गरिनेछ ।

(ज) **लिज सम्झौताको प्रमाण पत्र:-** उपदफा ७ बमेजिम लिज सम्झौता भएपछि कार्यालयले तोकेको ढाँचामा लिज सम्झौताको प्रमाणपत्र लिज प्राप्तकर्ता लाई उपलव्ध गरिनेछ ।

(झ) **लिज रकम दाखिला गनुपर्ने:-**

(१) लिजमा जग्गा प्राप्त गर्नेले प्रत्येक वर्षको लिज रकम आर्थिक वर्ष समाप्त भएको १ महीना भित्र आर्थिक विकास समितिको कृषि व्यवसाय प्रवर्द्धन कोषमा जम्मा गरि सो को भौचर प्रति एक गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम लिज रकम नबुझाएमा सो अवधि पश्चात देहाय बमोजिमको थप लिज रकम लाग्ने छ ।

(क) म्याद नाघेको ३ महीना भित्र रकम बुझाएमा लाग्ने लिज रकम सहित थप २५ प्रतिशत,

(ख) म्याद नाघेको ६ महीना भित्र रकम बुझाएमा लाग्ने लिज रकम सहित थप ५० प्रतिशत,

(ग) म्याद नाघेको १ वर्ष भित्र रकम बुझाएमा लाग्ने लिज रकम सहित थप १०० प्रतिशत,

(ञ) **लिज अवधि थप गर्न सक्ने:-** लिज अवधि समाप्त भए पछि लिज प्राप्तकर्ताको माग र औचित्यताका आधारमा समितिको सिफारिसमा लिज सम्झौताको अवधि थप गर्न सकिने छ । तर, लिज थप गर्न चाहेको जग्गाधनिले गाउँपालिकालाई लिजमा दिएको अवधि बढि हुने गरि म्याद थप वा घट गर्न सकिने छैन ।

(ट) **लिज सम्झौता रद्ध हुने:-**

(१) देहायको अवस्थामा गाउँपालिकाले लिज सम्झौता रद्ध गर्न सक्नेछ:-

(क) लिज प्राप्त कर्ताले सम्भलौतामा उल्लेखित शर्त उल्लङ्घन गरेमा,

(ख) लिज प्राप्त कर्ताले जुन प्रयोजनका लागि जग्गा लिजमा लिएको हो सो प्रयोजनका लागि प्रयोग नगरेमा,

(ग) लिज प्राप्त कर्ताले गाउँपालिकालाइ हानी नोक्सानी हुने कार्य गरेमा,

(घ) लिज वापत बुझाउनु पर्ने रकम दफा ८ को उप दफा (झ) को व्यवस्था उल्लंघन गरिएमा ।

(२) यस दफामा जुनसुकै कुरा लेखिएको भएतापनि गाउँपालिकालाई लिज दिने गरि भएको सम्झौता आफैले कृषि उत्पादन गर्ने प्रयोजन वाहेक रद्ध गर्न सकिने छैन।

**१०. भकारो सुधार कार्यक्रम सम्वन्धि व्यवस्था:-**

**(क) भकारो सुधार कार्यक्रमको उद्देश्य:-** कृषक वा कृषि समूहलाई कृषि उत्पादन अभिवृद्धि गर्नको लागी प्राङ्गारिक मलखाद्यको क्षमता बृद्धि गर्न, गराउन पशु पालन गर्नु पर्ने अनिवार्य रहन्छ। तशर्थ कृषक वा कृषि समूहको अप्रत्यक्षरुपमा आम्दानी बढाउन दुध उत्पादन गर्ने र पिसाब सङ्कलन गरी अर्गानिक कृषि उत्पादनमा प्रयोग गर्ने।

**(ख) भकारो सुधार कार्यक्रमसञ्चालन विधि:-**

(१) भकारो सुधारको लागि कृषक वा कृषि समूहले सम्बन्धित वडा कार्यालयमा निवेदन दिनु पर्नेछ।

(२) वडा कार्यालयले कार्यालयको सिफारिस सहित आर्थिक विकास समितिको सचिवालयमा पेश गर्नुपर्नेछ।

(३) आर्थिक विकास समितिले निवेदन प्राप्त भएको मितिले ३५ दिन भित्र सम्बन्धित वडालाई परियोजना स्वीकृत भए वा नभएको सम्वन्धित पक्षलाई लिखत जानकारी दिनु पर्नेछ।

(४) कृषक वा कृषि समूहले भाकारोमा गाई, भैँसी बाखा अडी चौपाय बस्न सुविधा हुने गरी आधुनिक तरिकाले बास व्यवस्थापन गर्नु पर्नेछ।

(५) पिसाब सङ्कलनका लागि कम्तिमा १ फुट गहिरो, २ फुट चौडाई, २ फुट लम्बाईको ट्याङ्की बनाउनु पर्नेछ।

(६) भकारो सुधारका लागि प्रत्येक कृषक वा कृषि समूहलाई तोकिएनसार अनुदान दिईनेछ।

**११. विशेष अनुदान सम्वन्धि व्यवस्था:-**

(१) धवलागिरी गाउँपालिकाले कृषिलाई रोजगारी सृजना, नागरिकको आयआर्जन वृद्धि, कृषि पर्यटन आदिलाई मध्यनजर गरी ठुला, मझौला, साना विशेष अनुदान कार्यक्रम संचालन गर्नेछ।

(२) यस्तो कार्यक्रम संचालन गर्दा कृषिको आधुनिकिकरण, व्यवसायिकरण, औधोगिककरणलाई जोड दिईने छ।

(३) कृषक वा कृषि समूहसँग ६०/४०, ७०/३०, ५०/५० लागत साझेदारी सम्बन्धि अग्रिम जानकारी गराई सार्वजनिक सूचना आह्वान गरी प्रस्ताव संकलन गरीने छ।

(४) कस्तो कार्यक्रम, कति अनुदान, कृषक वा कृषि समूह छनौट विधि आदि आर्थिक विकास समितिले निर्णय गरे बमोजिम हुनेछ।

(५) आर्थिक विकास समितिले नर्म्स तयार गरी छनौट गरेका कृषक वा कृषिसमूहले गाउँपालिकासँग सम्झौता गरी काम अगाडी बढाउनु पर्नेछ ।

**१२. अगुवा कृषक वा व्यवसायिक कृषि समूह / कृषक वा कृषि समूह परिचय पत्रः-**

(१) गाउँपालिकाका सम्पूर्ण कृषक वा कृषि समूहहरुको लगत खडा गरी **(अगुवा कृषक वा व्यवसायिक कृषि समूह)** / **(कृषक वा कृषि समूह)** परिचय-पत्र) प्रदान गरीनेछ ।

(२) निम्न कृषक वा कृषि समूहलाई (अगुवा कृषक वा व्यवसायिक कृषि समूह) मानि कृषक परिचय पत्र दिईनेछ ।

(क) आधुनिक तरिकाले कम्तिमा कृषकले ३ रोपनी र कृषि समूहले कम्तिमा १० रोपनी जग्गामा फलफुल तथा कृषि जन्य खाद्य वस्तु उत्पादन गर्ने ।

(ख) ४ भन्दा बढी भैंसी वा २० भन्दा वढी बाखा पालन गरेको हुनु पर्ने ।

(ग) २० घार भन्दा बढी मौरी पालन गरेको हुनु पर्ने ।

(घ) कृषकले ३ रोपनी र कृषि समूहले १० रोपनी जग्गामा एकै प्रकारको फलफूल खेती गर्ने वा कृषि जन्य खाद्य वस्तु उत्पादन गर्ने ।

(ङ) ३०० भन्दा बढी कुखुरा पाल्ने ।

(च) नगदे बाली विक्रि गरी वाार्षिक रु. २ लाख भन्दा बढी आम्दानी गर्ने ।

(छ) स्थानिय प्रजातीको कृषि (खेती) गरी वार्षिक रु. २ लाख भन्दा बढी आम्दानी गर्ने ।

(३) निम्न कृषकलाई व्यवसायिक कृषक वा कृषि समूह मानि कृषक वा कृषि समूह परिचय पत्र दिईनेछ ।

(क) आधुनिक तरिकाले कम्तिमा कृषकले ५ रोपनी कृषि समूहले १५ रोपनी जग्गामा स्थानिय प्रजातीको खेती गर्ने ।

(ख) कृषकले ८ भन्दा बढी भैंसी, २० भन्दा वढी बाखा पालन गरेको, कृषि समूहले ५० भन्दा वढी बाखा पालन गर्ने ।

(ग) कृषकले ३० कृषि समूहले ५० घार भन्दा बढी मौरी पालन गरेको ।

(घ) कृषकले ७ रोपनी कृषि समूहले १५ रोपनी जग्गामा एकै प्रकारको फलफूल खेती गर्ने ।

(ङ) ५०० भन्दा बढी कुखुरा पाल्ने ।

(छ) नगदे बाली विक्रि गरी कृषकले वार्षिक रु. ४ लाख कृषि समूहले वार्षिक रु ८ लाख भन्दा बढी आम्दानी गर्ने ।

(ज) स्थानिय प्रजातीका कृषि व्यवसाय गरी कृषकले वार्षिक रु. ४ लाख कृषि समूहले वार्षिक रु ८ लाख भन्दा बढी आम्दानी गर्ने ।

(४) दफा ९ को २ र ३ को कुन क्षेत्रमा, कति उत्पादन र कति आम्दानी गरी अगुवा वा व्यवसायिक कृषक वा कृषि समूहको ठहर गरी वडा कार्यालयबाट **(अगुवा कृषक वा व्यवसायिक कृषि समूह) / (कृषक वा कृषि समूह)** परिचय-पत्रः दिनका लागि सिफारिस गर्नुपर्दछ ।

(५) उपदफा ४ बमोजिम सिफारिस भई आएका कृषक वा कृषि समूहहरु मध्येबाट आर्थिक विकास समितिले कृषक परिचय पत्र दिनका लागि निर्णय गर्नेछ ।

**१३. अन्य अनुदानः-**

(१) धवलागिरी गाउँपालिकाले कृषि जन्य खाद्य उत्पादनमा क्षमता बिद्धिको लागि विभिन्न किसिमका अनुदान कार्यक्रम संचलान गरिनेछ ।

(२) अन्य अनुदान सम्बन्धि संचालन, व्यवस्थापन गाउँपालिकाको नीति तथा कार्यक्रमको परिधि भित्र रहेर कार्यपालिकाको निर्णयनुसार गरिनेछ ।

**१४. छनौट समिति :-**

(१) यस नियम बमोजिमका कृषि जन्य खाद्य वस्तुहरुको प्रवर्द्धनातमक परियोजना छनौट समिति निम्नानुसार रहनेछ ।

| | |
|---|---|
| (१) आर्थिक विकास समितिका संयोजक | संयोजक |
| (२) गाउँसभाका सदस्यहरु मध्येबाट कार्यपालिकाले तोकेको १ जना | सदस्य |
| (३) आर्थिक विकास समितिका सदस्यहरु मध्य १ जना | सदस्य |
| (४) गाउँपालिकाको इन्जिनियर | सदस्य |
| (५) आर्थिक विकास समितिको शाखा प्रमुख | सदस्य सचिव |

(२) छनौट समितिले आर्थिक विकास समितिको निर्णय बमोजिमका विधि, प्रकृया अवलम्बन गरी काम गर्दछ ।

**१५. कृषि व्यवसाय प्रर्वद्धन परियोजनाहरुको अनुगमन समितिः-**

(१) कृषि व्यवसाय प्रर्बद्धनको लागी अनुगमन समिति तपशिलमा उल्ले गरिएनुसार हुने छ ।

| | |
|---|---|
| (क) गाउँपालिकाको उपाध्यक्ष वा निजले तोकेको कार्यपालिका सदस्य १ जना | संयोजक |
| (ख) आर्थिक विकास शाखाप्रमुख वा निजले तोकेको सम्वन्धित शाखाका कर्मचारी १ जना | सदस्य |
| (ग) अध्यक्षले तोकेको गाउँसभा सदस्यहरु मध्ये १ जना | सदस्य |

(२) अनुगमन समितिले अनुगमन प्रतिवेदन तयार गरी भुक्तानीको लागि सम्बन्धि आर्थिक विकास समितिको सचिवालयमा सिफारिस गरिनेछ ।

१६. कृषि व्यवसाय प्रर्बद्धन परियोजनाको भुक्तानीको चाहिने कागजात:- यो नियमावलीमा उल्लेखित परियोजनाहरु संचालनका लागी कृषक वा कृषिसमूहरुले गाउँपालिका संग गरिएको सम्झौटानुसार कार्य सम्पादन भए पछी तपशिलमा उल्लेखित कागाजातहरु पेश गरिनेछ ।

तपशिल:

(क) निवेदन,
(ख) वडा अध्यक्षको सिफारिस,
(ग) अनुगमन समितिको सिफारिस,
(घ) काम सम्पन्न भएको रङ्गिन फोटो २ वटा ।

१७. कृषि (बाली तथा पशुपंक्षी वीमा सम्नन्धि व्यवस्था:- कृषि तथा पशुपंक्षी व्यवसायमा भएका जोखिम तथा अनिस्चितता न्युनिकरण गरी कृषक तथा कृषि समूहलाई संरक्षण, प्रोत्शाहन र प्रवर्द्धन गर्न कृषि (बाली) तथा पशुपंक्षी वीमा कार्यक्रम तोकिए बमोजिम संचालन गरिनेछ ।

१८. संशोधन तथा परिमार्जन:- यस नियमावलीलाई व्यवस्थित बनाउन आवश्यकता अनुसार धवलागिरी गाउँ कार्यपालिकाले संशोधन तथा परिमार्जन गर्न गरिनेछ ।

१९. बचाउ:- यस नियमावलीमा व्यवस्था भएका कुराहरुको हकमा यसै नियमावली अनुसार हुनेछ । अन्यमा प्रचलित कानुन बमोजिम हुनेछ । प्रचलित कानुनसँग बाझिएको हकमा वाझिएको हदसम्म अमान्य हुनेछ ।

आज्ञाले,
नाम: गोपाल शर्मा
प्रमुख प्रशासकीय अधिकृत

कार्यपालिकावाट पारित मितिः २०७७।०३।०८
प्रमाणिकरण मितिः २०७७।०३।११
राजपत्र प्रकाशन मितिः २०७७।०४।२४